
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क २०५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ साउन २४ गते मंगलबार ❑ 9 Aug 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## आमसञ्चार विधेयक पत्रकारमैत्री हुने मुख्यमन्त्री : कृष्णचन्द्र पोखरेल

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ साउन**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले गण्डकी प्रदेशको आमसञ्चार विधेयक पत्रकारमैत्री हुने बताएका छन् ।

नेपाल प्रेस युनियनको नवौं महाधिवेशनबाट निर्वाचित पदाधिकारीको सम्मानमा युनियन कास्कीले सोमबार आयोजना गरेको कार्यक्रममा बोल्दै उनले लोकतन्त्रका लागि लडेका पत्रकारमाथि अंकुश लगाउने नियत नभएको बताए । संचारमाध्यममा आउने समाचारप्रति सरकारले सुझावका रुपमा लिएको तर सामाजिक संजालमा गरिने टिकाटिप्पणी मर्यादा विपरीत रहने गरेको वताए । उनले गण्डकी प्रदेशमा यातायात, मालपात लगायतका कर वृद्धि सम्बन्धमा भएको टिकाटिप्पणीबारे त्यसबारे सच्चाएर सरकार अघि बढेको



बताए । उनले करका आएका टीकाटिप्पणीलाई मन्त्रालगयत छलफल गरेर अघि बढ्ने प्रतिबद्धतासमेत गरे । नेपाल प्रेस युनियनको नवौं महाधिवेशनबाट निर्वाचित अध्यक्ष शिव लम्साल, उपाध्यक्ष नकुल अर्याल, गण्डकी उपाध्यक्ष ऋषिकान्त पौडेल र महासचिव दिलीप पौडेललाई प्रमुख अतिथि मुख्यमन्त्री पोखरेलले सम्मानपत्र सहित सम्मान गरे । कार्यक्रममा प्रेस युनियनका अध्यक्ष शिव लम्साललले श्रमजीवी पत्रकारको पक्षमा युनियनले काम गर्ने बताए ।

सरकारले तोकेको न्युनतम तलबले पत्रकारलाई नपुग्ने भन्दै उनले यसको पुनर्विचार गर्न सरकारलाई आग्रह समेत गरे । ठूला संचारमाध्यममा काम गर्ने पत्रकार र साना संचारमाध्यममा काम गर्ने पत्रकारलाई सरकारले एउटै नीतिले हेर्नुपर्ने बताए । उनले संगठनले कसैलाई काखा कसैलाई पाख नगर्ने समेत सुझाव दिए । नेपाली काग्रेसका गण्डकी प्रदेशका प्रचार विभाग प्रमुख रमेश पौडेलले लोकतन्त्रको पक्षमा लडेका संचारमाध्यम र पत्रकारलाई रक्षा गर्ने दायित्व सरकारको हुने बताए । युनियनका उपाध्यक्ष नकुल अर्याल, ऋषिकान्त पौडेल र महासचिव दिलिप पौडेलले पत्रकारलाई व्यवसायी बन्न आग्रह समेत गरे । कार्यक्रममा नेपाली कांग्रेस कास्कीका सहसचिव नवीन सिग्देलले पार्टी र युनियनका पत्रकारबीचको दूरी टाढा रहेको र यसलाई नजिक पार्नुपर्ने बताए । प्रेस युनियन कास्कीका कार्यवाहक अध्यक्ष रविना आलेको अध्यक्षतामा भएको कार्यक्रममा सचिव प्रदीप पौडेल र सहसचिव ज्योति हमालले पनि बोलेका थिए ।

सो अवसरमा युनियनका सदस्य हरि भट्टराईले रचना गरेको नेपाल विज्ञान तथा प्रविधि 'नाष्ट'को नाष्ट गानका लागि सर्वोत्कृष्ट भई पुरस्कृत भएकोमा उनलाई सम्मान गरिएको थियो ।

## यूवा तथा खेलकुद मन्त्री गुरुङद्वारा प्रदेश खेलकुदको भवनको उद्घाटन

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ साउन**

गण्डकी प्रदेशका यूवा तथा खेलकुद मन्त्री राजिव गुरुङले प्रदेश खेलकुद परिषद गण्डकीको प्रशासनिक भवनको उद्धाटन गरेका छन् ।

पोखरा रंगशालामा नवनिर्मित भवनको मन्त्री गुरुङले एक कार्यक्रमका विच शिलालेख अनावरण गरी उद्धाटन गरेका हुन् । उक्त भवन प्रदेश सरकारले करिव ९६ लाखमा उपभोक्ता समिति मार्फत निर्माण सम्पन्न गरेको हो । मन्त्री गुरुङले भवन निर्माण सम्पन्न गर्न सहयोग गर्ने उपभोक्ता समितिका अध्यक्ष हरि बहादुर बरुवाल, भरत आले, बाल कुमारी गुरुङ, ओम गुरुङ, विश्व तण्डुकारलाई खादा लगाएर सम्मान गरेका थिए ।

सो अवसरमा उपभोक्ता समितिका अर्का अध्यक्ष तथा अग्रज खेलाडी स्व.योगेन्द्र बहादुर बस्नेतको सम्मानमा एक मिनेट मौन धारण गरिएको थियो । सो अवसरमा मन्त्री गुरुङले नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताको तयारीमा रहेका खेलाडीहरुलाई पौष्टिक



आहार समेत वितरण गरेका थिए । नवौंको तयारीका लागि खेलाडीहरुको हौसला बढाउन पौष्टिक आहार वितरण गरिएको र नवौंमा छनोट हुने खेलाडीहरुलाई हाइ अल्टिच्यूड तालिमको लागि व्यवस्था गर्ने उनले जनाए । कार्यक्रममा यूवा तथा खेलकुद मन्त्रालयको तर्फबाट मन्त्री गुरुङले मोदी गाउँ पालिकाका अध्यक्ष हिरा देवी शर्मालाई नगद ५ लाख पुरस्कार सहित सम्मान गरेका थिए । गण्डकी प्रदेशबाट यूवा मैत्री स्थानिय तह प्रोत्सहान कार्यक्रम २०७८ बाट ८५ वटा गाउँ पालिका मध्ये मोदी गाउँ पालिका उत्कृष्ट हुन सफल भए पछि सम्मान गरिएको हो ।

सम्पन्न कार्यक्रममा मोदी गाउँ पालिकाका अध्यक्ष शर्मा, मन्त्रालयका सचिव बद्रीनाथ अधिकारी, प्रदेश खेलकुदका उपाध्यक्ष धोज कुमार गुरुङ, मन्त्रालयका महाशाखा प्रमुख घनश्याम पौडेल लगायतले खेलाडीहरुलाई पौष्टिक आहार वितरण गरेका थिए । प्रदेश खेलकुद परिषदका सदस्य सचिव तेज बहादुर गुरुङले भवन निर्माणमा सहयोग गर्ने उपभोक्त समितिलगायत सबैलाई धन्यवाद ज्ञापन गर्दै प्रशासनिक भवनबाट आफ्ना दैनिक कार्यक्रमहरु सूचारु गर्न सहज हुने बताए ।

## प्याराग्लाइडिङ उडानकै क्रममा पत्रिका विमोचन

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ साउन**

गण्डकी प्रदेशका पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति व्यवस्थामन्त्री मणिभद्र शर्मा (कँडेल) ले पोखराबाट प्याराग्लाइडिङ विस्थापित हुन नदिन आफूले सक्दो पहल गर्ने बताउनुभएको छ ।

सराङ्कोटबाट प्याराग्लाइडिङ उडानकै क्रममा 'टुरिजमपाना' मासिक पत्रिकाको सोमबार विमोचन गर्दै उहाँले पर्यटकीय सहर पोखरामा साहसिक पर्यटनमा धेरै आकर्षण रहेको र अधिकतम पर्यटक भित्र्याउन यसको संरक्षण जरुरी रहेको बताउनुभयो । पोखराको पर्यटन विकासमा प्रदेश सरकारले विशेष ध्यान दिएको उहाँले बताउनुभयो ।

मन्त्री शर्माले टुरिजमपाना पत्रिकाले नेपालको आन्तरिक



पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो । महिला प्यारा पाइलट तृशा श्रेष्ठले मन्त्री शर्मालाई प्याराग्लाइडिङ गराउनुभएको थियो । पोखराबाट प्याराग्लाइडिङ विस्थापित हुने कुराले साहसिक खेल क्षेत्रमा निराशा छाएको भन्दै उहाँले विषय विज्ञसँग पर्याप्त छलफलपछि मात्रै यस विषयमा थप भन्न सकिने धारणा राख्नुभयो ।

पत्रिकाका प्रकाशक विष्णुकान्त घिमिरेका अनुसार नेपालको आन्तरिक पर्यटनलाई प्रवर्द्धन गर्दै लुकेर रहेका गन्तव्य चिनाउने उद्देश्यका साथ टुरिजमपाना मासिक पत्रिका प्रकाशनमा आएको हो । पत्रिकाले पर्यटन क्षेत्रका फरक र नयाँ विषयवस्तुलाई पाठकसमक्ष ल्याउने उद्देश्य राखेको पत्रिकाका सम्पादक गीता चिमोरियाले बताउनुभयो ।

## राष्ट्रिय क्रिकेट टोलीको मुख्य प्रशिक्षकमा भारतीय प्रशिक्षक प्रभाकर नियुक्त

**रासस**
**काठमाडौं, २३ साउन**

नेपाल क्रिकेट सङ्घ (क्यान) ले नेपाली राष्ट्रिय क्रिकेट टोलीको मुख्य प्रशिक्षकमा भारतका प्रशिक्षक मनोज प्रभाकरलाई एक वर्षका लागि नियुक्त गरेको छ । पूर्वभारतीय अलराउण्डरका साथै रणजी ट्रफी विजेताका प्रशिक्षकसमेत रहनुभएका प्रभाकरलाई सोमबार मुख्य प्रशिक्षक नियुक्त गरिएको क्यानले जनाएको छ । क्यानका अनुसार प्रभाकरले भारतका लागि


बाँकी अन्तिम पृष्ठमा ▶▶




भर्ना खुल्यो !
DIPLOMA IN CIVIL ENGINEERING 3 Yrs.
DIPLOMA IN COMPUTER ENGINEERING 3 Yrs.
PRE-DIPLOMA IN CIVIL ENGINEERING 18 Months
न्यूनतम योग्यताः Diploma को लागि SEE परीक्षामा अनिवार्य गणित र विज्ञान विषयमा न्यूनतम (C) ग्रेड र अंग्रेजी विषयमा (D+) ग्रेड ल्याइ उतिर्ण वा सो सरह तथा Pre-Diploma का लागि जुनसुकै ग्रेड पनि मन्य हुने ।
फारम बुझाउने अन्तिम मितिः २०७९ श्रावण २६ गते सम्म
प्रवेश परीक्षाः
Diploma: २०७९ भाद्र ४ गते, विहान ११:०० बजे
Pre-Diploma: २०७९ भाद्र ६ गते, विहान ८:०० बजे
विस्तृत जानकारीका लागि
पोखरा ईन्जिनियरिङ्ग कलेज
पोखरा-८, फिर्के
फोन नं.: ०६१-५७५९२६, ५८१२०९, ९८४६५५०३४७, ९८५६०४४२५९


## बरालडाँडा तमुसमाजमा मादी गाउँपालिकाका नवनिर्वाचितलाई सम्मान

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ साउन**

पोखरा महानगरपालिका वडा नं १२ स्थित बरालडाँडा तमु समाजले मादी गाउँ पालिकाका नवनिर्वाचित जनप्रतिनिधिहरुलाइ हालै सम्मान गरेको छ ।

बरालडाँडा तमु समाजका अध्यक्ष जुमप्रसाद गुरुङले मादी गाउँपालिकाका अध्यक्ष देवीजङ, उपाध्यक्ष कल्पना गुरुङ र मादी गाउँपालिका वडा ११ का अध्यक्ष चलचित्र गुरुङ र सासंद मनवहादुर गुरुङलाइ सम्मान गरेका हुन् । सम्मानित हुनेहरुमा क्रमश वडा ११ का सदस्यहरु विजय खनाल, गणेश खनाल, सुकमाया पराजुली थापा क्षेत्री र चमेली सुनार पनि रहेका छन् । सम्मानित कार्यक्रममा



सासंद मनवहादुर गुरुङले विकास कार्यक्रममा जनताले विकास खर्च ढुक्कले माग्न सक्ने धारणा राखे । मादी गाउँपालिकाका अध्यक्ष देवीजङले १२ वटा वडामा घुम्ति शिविर गरिने जानकारी गराए । जनताका घर घरमा गएर जनताका गुनासो सुनी समाधानको खोजीमा अगाडि बढ्ने धारणा अध्यक्ष देवीजङले राखे । मादी गाउँपालिका वडा नं ११ का अध्यक्ष चलचित्र गुरुङले शिक्षा, स्वास्थ्य र प्रकृति सम्पदा लगायत भगवती मन्दिरलाइ विशेष प्याकेज ल्याएर अगाडि बढ्ने भने । वरालडाँडा तमु समाजका अध्यक्ष जुमप्रसाद गुरुङले नव निर्वाचित जनप्रतिनिधिहरुलाइ सम्मान गर्दै पहिला जनताको गुनासो संकलन गरि सवैसँग समान रुपमा व्यवहार गर्न अनुरोध गरे । साग्रिला डेभलपमेन्ट बैंक लि. भद्रकाली शाखाका प्रमुख कोसीमाया गुरुङले बैकले बचत र मुद्धती खातामा विशेष प्याकेज ल्याएको जानकारी गराइन् । बरालडाँडा तमुसमाजका अध्यक्ष जुमप्रसाद गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा बराल डाँडा तमुसमाजका पुर्व अध्यक्ष धनप्रासद गुरुङले स्वागत गरेको कार्यक्रममा सचिव नरजङ गुरुङले संचालन गरेका थिए ।

# यु-२० राष्ट्रिय फुटबल खेलाडी श्रेष्ठलाई पोखरामा सम्मान

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ साउन**

राष्ट्रिय फुटबल टोली यु-२० का सदस्य फुटबलर सुमित श्रेष्ठ (मेस्सी) लाई पोखरामा सम्मान गरिएको छ।

भारतमा भएको साफ यु-२० पुरुष च्याम्पियनसिपमा खेलेर स्वदेश फिर्ता भएका श्रेष्ठलाई युनाइटेड बगरले स्वागतसहित सम्मान गरेको हो । उनलाई युनाइटेड बगरका संरक्षक तथा पूर्व राष्ट्रिय फुटबल खेलाडी इश्वर गुरुङ, फुटबलर रन्दिप पौडेल, अन्जन देवकोटा तथा युनाइटेड बगरका सदस्यहरुले खादा तथा सम्मान पत्र अर्पण गरे । सो अवसरमा बोल्दै फुटबलर श्रेष्ठले राष्ट्रको नाममा खेल खेल्ने सपना साकार भएको बताए । उनले आगामी दिनमा झन उत्कृष्ट खेल प्रर्दशन गर्ने निरन्तर मेहनत गर्ने समेत बताएका थिए। यसैगरि युनाइटेड बगरका संरक्षक तथा पूर्व राष्ट्रिय फुटबल खेलाडी इश्वर गुरुङले श्रेष्ठलाई पोखरामा स्वागत गर्दै बधाई ज्ञापन गरे । उनले आगामी दिनमा अझ खेललाई परिस्कृत गर्दै अगाडी बढ्नुपर्नेमा समेत जोड दिएका थिए । सम्मानित श्रेष्ठ यसअघि नेपाली राष्ट्रिय फुटसल टिमबाट समेत डेब्यु गरिसकेका छन् ।



उक्त स्वागत तथा सम्मान कार्याक्रममा फुटबलर, रन्दिप पौडेल, फुटबलर अञ्जन देवकोटा, फुटसलका ए डिभिजन खेलाडी सुदिप सुनार लगायतको उपस्थिति रहेको थियो।

# ज्येष्ठ नागरिकसँग मन्त्री बरालले आफ्नो जन्मदिन

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ साउन**

गण्डकी प्रदेशका अर्थमन्त्री रामजी प्रसाद बराल जीवनले ज्येष्ठ नागरिकहरुसंग भलाकुसारी गर्दै आफ्नो जन्मदिन मनाउनु भएको छ।

पोखरा २५ स्थित हेमजामा रहेको मानव सेवा आश्रममा आश्रित ज्येष्ठ नागरिकहरुसंग सोमबार भेटघाट गर्दै मन्त्री बरालले आश्रमको पूर्वाधार विकासमा आवश्यक सहयोगको लागि प्रयास गर्ने बताउनु भयो । आश्रममा आश्रित १ सय ३ जना ज्येष्ठ नागरिक सहितका व्यक्तिहरुलाई विहानको खाना (२० हजार बराबरको) साथमा ३० हजार मुल्य बराबरको फ्रिज समेत गरी ५० हजार सहयोग गर्दै मन्त्री बरालले आफ्नो जन्म दिनको अवसरमा सानो सहयोग गरेको बताउनु भयो। विभिन्न कारणले गर्दा आश्रममा आश्रित हुन पुगेकाहरुको पालन पोषणामा लाग्नु नै ठुलो धर्म हुने मन्त्री बरालको भनाई थियो । हरेक छोरा छोरीहरुले आफ्नो बाबु आमा प्रतिको उत्तरदाहित्व बहन गर्न नसक्दा बृद्धाश्रम तथा यस्ता आश्रममा आउने व्यक्तिहरुको सङ्ख्यामा बृद्धि भएको उहाँको भनाई थियो। तनहुँका ९५ बर्षीय जेष्ठ नागरिक रामनाथ खनालले मन्त्री बराल समक्ष अत्याधुनिक भवन सहित रुमको प्रबन्ध गर्न माग गर्नु भयो। उहाँले बढी उमेर भएकाहरुलाई र बढी कमजोर भएकाहरुलाई आश्रमले थप व्यबस्थापन गर्न कठिन भएकोले त्यसको प्रबन्ध गर्न मन्त्री बराल समक्ष आग्रह गर्नु भयो।



मानव सेवा आश्रमको अवलोकन समेत गर्दै मन्त्री बरालले आफ्नो निर्वाचन क्षेत्रमा निर्माण भएको उक्त आश्रमले सडकमा आएका कतिपय नागरिकहरुको उद्धार भएको बताउनु भयो । उक्त आश्रमका संयोजक सदिस पुनले मन्त्री बराल सहितको टोलीलाई आश्रमको बारेमा जानकारी गराउदै तत्काल फ्रि आवश्यक भएको बताउनु भएको थियो। आश्रमका अभिभावक शोभा गौतमले विभिन्न सहयोगीको हातले गर्दा आश्रम संचालन हुदै आएको बताउनु भयो । मानव सेवा आश्रमको पोखरा स्थित छोरेपाटनमा भने ज्येष्ठ नागरिक महिलाहरुलाई व्यबस्थापन गरिएको आश्रमले जनाएको छ।

# नवौं राष्ट्रिय खेलकुदलाई निर्वाचनले प्रभाव पार्दैन : सदस्यसचिव घिसिङ

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ साउन**

नवौं राष्ट्रिय खेलकुद प्रतियोगितालाई निर्वाचनले प्रभाव नपार्ने राष्ट्रिय खेलकुद परिषदका सदस्यसचिव टंकलाल घिसिङले दावी गरेका छन् ।

सोमबार नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीले पोखरा रंगशालामा आयोजना गरेको पत्रकार सम्मेलनमा बोल्दै उनले मन्त्रीपरिषदकै बैठकबाट राष्ट्रिय खेलकुद प्रतियोगिताको मिति तय भएकोले निर्वाचनले यसलाई प्रभाव नपार्ने प्रष्ट पारे । प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचन आगामी मंसिर ४ गते हुने तय भएको छ।

'मन्त्रीपरिषदकै बैठकबाट राष्ट्रिय खेलकुद प्रतियोगिताको मिति तय भएको हो, सोही कारण निर्धारित मितिमानै प्रतियोगिता हुन्छ, निर्वाचनले यसलाई प्रभाव पार्दैन' सदस्य सचिव घिसिङले भने । प्रतियोगितालाई प्रभावित नपार्नको लागि निर्वाचन आयोगसँग समेत परामर्श गरिएको उनले खुलाए । नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता आगामी असोज २८ गतेदेखि कार्तिक ३ गतेसम्म आयोजना हुँदैछ । प्रतियोगितामा ११ टिमले ३६ खेलका ४०७ इभेन्टमा पदकको लागि प्रतिष्पर्धा गर्नेछन् । सात प्रदेश, तीन विभागिय टोली र एनआरएनएको एक टोलीले प्रतियोगितामा सहभागिता जनाउनेछन् । राष्ट्रिय खेलकुद परिषदले प्रतियोगिताको तयारीमा समेत तिव्रता दिएको घिसिङको भनाई छ । 'प्रतियोगिताको लागि निर्धारित तालिका अनुसार समयमानै काम भइरहेको, घर्केको छैन' उनले भने । पोखरा रंगशाला भित्रको फुटबल मैदानको भीआईपी प्यारापिट अबको दश दिन भित्रमा तयार हुने उनको भनाई छ । केही दिनदेखि पोखरामा रहेका सदस्य सचिव घिसिङले पोखरा आसपासका खेलकुद पुर्वाधारको अवलोकन तथा गण्डकी प्रदेशका मुख्यमन्त्री, पोखरा महानगरपालिकाका मेयर लगायतका व्यक्तिसँग प्रतियोगिताको सन्दर्भमा छलफल गरेको समेत बताए ।




नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष दीननाथ बरालको अध्यक्षतामा भएको पत्रकार सम्मेलनमा धन्यवाद ज्ञापन उपाध्यक्ष सुरज श्रेष्ठ र कार्यक्रम सञ्चालन महासचिव राजाराम पौडेलले गरेका थिए।

# तनहुँका पाँच पालिकामा सार्वजनिक बिदा

**पोखरापत्र संवाददाता**
**तनहुँ, २३ साउन**

२८औं विश्व आदिवासी जनजाति दिवसका अवसरमा तनहुँका पाँचवटा स्थानीय पालिकाले सार्वजनिक बिदा दिएका छन् ।

जिल्लाका तीन नगरपालिका र दुई गाउँपालिका कार्यालयले साउन २४ गतेका दिन मङ्गलबार सार्वजनिक बिदा दिएका हुन् । जिल्लाका १० पालिकामध्ये व्यास नगरपालिका, भानु नगरपालिका, शुक्लागण्डकी नगरपालिका, ऋषिङ गाउँपालिका र म्याग्दे गाउँपालिकाले सार्वजनिक बिदा दिएका छन् । विश्व आदिवासी जनजाति दिवसका अवसरमा स्थानीय बिदा दिने निर्णयअनुरूप सार्वजनिक बिदा दिइएको व्यास नगरपालिका कार्यालयका नगरप्रमुख वैकुण्ठ न्यौपानेले जानकारी दिनुभयो। बिदा दिइएका पालिकामा अत्यावश्यकबाहेक कार्यालय, वडा कार्यालय, सेवा कार्यालय, आधारभूत स्वास्थ्य कार्यालयलगायतकासबैसङ्घसंस्था बिदा हुने उहाँले बताउनुभयो । त्यसैगरी नगरपालिकाभित्रका सबै विद्यालय, पालिकाभित्र सञ्चालित बैंक तथा वित्तीय संस्था तथा निजी सङ्घसंस्था र निकायहरूलाई समेत सार्वजनिक बिदा दिइएको छ।

आदिवासी जनजातिहरूको बाहुल्य रहेको क्षेत्र भएका कारण सार्वजनिक बिदा दिइएको ऋषिङ गाउँपालिकाका प्रवक्ता विजय दरैले जानकारी दिनुभयो । जिल्लाका पाँच पालिकाहरूले सार्वजनिक बिदा दिएकोप्रति आदिवासी जनजाति महासङ्घ जिल्ला समन्वय परिषद् तनहुँकी जिल्ला अध्यक्ष बसुन्धरा घर्तीले आभार व्यक्त गर्नुभएको छ।

## राष्ट्रिय...

३९टेस्टर१३०एकदिवसीयअन्तर ाष्ट्रिय प्रतियोगिता खल्नुभएको छ । उहाँले अफगानिस्तानको बलिङ प्रशिक्षकका रूपमा समेत काम गर्नुभएको थियो।

यसैगरी उहाँले आफ्नो प्रशिक्षणमा दिल्ली, राजस्थान र युपी क्रिकेट एशोसिएनलाई रणजी ट्रफी जिताउनुभएको थियो। नवनियुक्त प्रशिक्षक प्रभाकरले नेपाली टोलीलाई बलियो बनाउन काम गर्ने बताउनुभयो । नेपाली टोलीका मुख्य प्रशिक्षक पुबुदु दशानायकेले राजीनामा दिएपछि क्यानले प्रभाकरलाई नेपाली टोलीको मुख्य प्रशिक्षकमा नियुक्त गरेको हो।


## चट्याङबाट बच्ने उपाय:

- बिजुली चम्केको बेला सतर्क रहने,
- विद्युतीय तरङ्ग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने,
- बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने,
- सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुक्खा ठाउँमा बस्ने,
- खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने,
- सकभर अग्लो स्थानमा नबस्ने,
- धातुका ह्याण्डल, चेन भएका व्याग वा अन्य सामान प्रयोग नगर्ने।

नेपाल सरकार
विज्ञापन बोर्ड


# सत्ता गठबन्धनको कार्यदल संयोजकमा नेता सिटौला

**रासस**
**काठमाडौं, २३ साउन**

पाँच दलीय सत्ता गठबन्धन कार्यदलको संयोजकमा नेपाली कांग्रेसका नेता कृष्णप्रसाद सिटौला चयन हुनुभएको छ।

गठबन्धनमा रहेका दलले आगामी आमनिर्वाचनमा चुनावी तालमेलको खाका बनाउन गठन गरेको कार्यदलको सोमबार बसेको पहिलो बैठकले कांग्रेस पूर्वमहामन्त्री सिटौलालाई संयोजकमा चयन गरेको हो । बैठकमा गठबन्धनलाई चुनावी तालमेलका साथै संविधान कार्यान्वयन र जनजीविकाका विषय सम्बोधनमा समेत कार्य गर्नेगरी अघि बढाउनुपर्ने सम्बन्धमा सकारात्मक छलफल भएको कार्यदलका सचिव अधिवक्ता केशवराज जोशीले जानकारी दिनुभयो । कार्यदलले निर्वाचनमा सिट बाँडफाँटको खाका बनाएर गठबन्धनका शीर्ष नेताहरूलाई बुझाउनेछ । यसअघि बसेको गठबन्धनका शीर्ष नेताको बैठकले पाँचै दलका नेता सम्मिलित ११ सदस्यीय उक्त कार्यदल गठन गरेको थियो । कार्यदलमा कांग्रेसबाट महामन्त्री गगनकुमार थापा, नेता सिटौला र सञ्चार तथा सूचना प्रविधिमन्त्री एवं पार्टीका नेता ज्ञानेन्द्रबहादुर कार्की हुनुहुन्छ भने नेकपा (माओवादी केन्द्र)बाट नेताहरू वर्षमान पुन र देव गुरुङ हुनुहुन्छ । यसैगरी नेकपा (एकीकृत समाजवादी)बाट उपाध्यक्ष प्रमेश हमाल र महासचिव बेदुराम भुसाल, जनता समाजवादी पार्टी नेपालबाट नेताहरू रामसहाय प्रसाद यादव र रकम चेम्जोङ तथा राष्ट्रिय जनमोर्चाबाट नेताहरू हिमलाल पुरी र आनन्द शर्मा कार्यदल सदस्य हुनुहुन्छ।

# बसको ठक्करबाट बालकको मृत्यु

**पोखरापत्र संवाददाता**
**दमौली, २३ साउन**

तनहुँको देवघाट गाउँपालिका-५ क्युदीस्थित देवपुर दासढुङ्गा सडकखण्डमा बसको ठक्करबाट घाइते भएका बालकको मृत्यु भएको छ।

गत साउन १७ गते बसको ठक्करबाट घाइते भएका ११ वर्षीय रिमेश तामाङको सोमबार उपचारका क्रममा मृत्यु भएको हो। उनको चितवन मेडिकल कलेज भरतपुरमा उपचारका क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय तनहुँका प्रहरी उपरीक्षक युवराज खड्काले जानकारी दिनुभयो।


## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :

» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



## के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्बन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।




## कपालको उपचार

### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आम्दानी भन्दा खर्च बढी गरे कुबेर पनि गरीब हुन्छ ।
–चाणक्य

## सम्पादकीय

# तलबमान असमान

कर्मचारीहरूको तलबमान असमान भएको भन्दै अधिकृत भन्दा तलका कर्मचारी आन्दोलनमा उत्रने भएका छन् । अर्थमन्त्रीले बजेट भाषणमा गरेको भन्दा फरक तलबमान सार्वजनिक भएको छ । सबैलाई समान रुपमा १५ प्रतिशत तलब बढ्ने घोषणा बजेट वक्तव्यमा भएको भन्दा फरक तलबमान सार्वजनिक भएपछि कर्मचारी संगठनहरूले विरोध जनाएका छन।अर्थमन्त्री जनार्दन शर्माले सबैलाई समेट्ने गरि सुधार गरेर मात्र सार्वजनिक गर्ने प्रतिबद्धता जनाएका छनानासुले नै आन्दोलन गर्ने भएपछि सरकारलाई दबाब पुगेको छ ।

नासु बचाऊ अभियानको आह्वानमा सोमबार मन्त्रालयमा कार्यरत कर्मचारीहरूले 'पेनडाउन' गरेका थिए । मंगलबार देशैभरका नासु बिदामा बस्देछन्, यो आन्दोलनकै कार्यक्रमअन्तर्गत हो । उनीहरूले भइपरी आउने बिदा लिने भएका छन । असमान तलब वृद्धिविरूद्ध र प्रस्तावित संघीय निजामती सेवा ऐनमा कर्मचारीले उठाएका माग पनि सम्बोधन गर्न दबाब दिन उनीहरूले आन्दोलनलाई तीव्रता दिएका छन । पहिलो, कर्मचारीको तलब वृद्धि समान ढंगले नहुने देखिएपछि विरोध भएको छ । दोस्रो भने निजामती सेवा ऐनमै कर्मचारी सरूवा चक्रिय र पूर्वानुमान हुनुपर्नेजस्ता व्यवस्था हुनुपर्छ भन्नेछ । 'सरकारले आ.ब. २०७९/०८० को बजेटमा कर्मचारीको तलब १५ प्रतिशतले वृद्धि गर्ने भन्यो तर मर्यादाक्रम मिलाउने भनेर राजपत्राङ्कित तहमा मात्रै थप तलब वृद्धि गर्न खोजियो,' उनले भने, 'राजपत्राङ्कित कर्मचारीको तलब २४ प्रतिशतसम्म वृद्धि गर्न खोजेपछि विरोध गरिएको छ ।

तलब वृद्धि गर्ने भए राजपत्राङ्कित र राजपत्रअनङ्कित, श्रेणीविहीनको पनि समान हिसाबले गरिनुपर्ने उ माग चर्को रुपमा उठेको छ । होइन भने बजेट भाषणमा भनेअनुसार १५ प्रतिशत तलब वृद्धि लागू हुनुपर्ने उनीहरूको भनाइ छ । नासुहरूले सोमबार अर्थमन्त्री जनार्दन शर्मालाई भेटेर पनि असमान तलब वृद्धि नगर्न माग गरेका छन् । कर्मचारीको मर्यादा मिलाउने भन्दै अर्थको प्रस्तावमा शाखा अधिकृतमाथिको तलब वृद्धि गर्ने प्रस्ताव मन्त्रिपरिषदमा पुगेको थियो । अर्थमन्त्री शर्माले तलबबारे अध्ययन गर्न एक समिति गठन गर्ने र उक्त समितिको प्रतिवेदनअनुसार सरकार अघि बढ्ने जवाफ दिएका छन् । समिति गठन अध्य हाललाई असमान ढंगले तलब वृद्धि गर्ने कार्य रोकिन पुगेको छ । 'अर्थमन्त्रीले समिति गठन गरी प्राप्त प्रतिवेदनका आधारमा तलबमान पुनरावलोकन र निर्धारण गर्ने भनाइ छ । सुब्बाभन्दा माथिका कर्मचारी र सुब्बाको तलब वृद्धिमा असमानता देखिएकोले विरोध गरेको काठमाडौं जिल्ला प्रशासन कार्यालयमा आन्दोलन हो ।

'सरकारले चोर बाटोबाट अफिसरहरूको यसमा हाम्रो सहमति छैन । अधिकृत माथिको तलब बढेकोमा हाम्रो आपत्ति होइन तर हामी नासुहरूको पनि त्यही हिसाबले तलब वृद्धि हुनुपर्छ ।' बजेटमा कार्यालय सहयोगीदेखि मुख्यसचिवको तलब १५ प्रतिशतले वृद्धि भए पनि केही दिन अघि सार्वजनिक तलब स्केलमा शाखा अधिकृत माथिको तलब २४ देखि २६ प्रतिशतसम्म वृद्धि भएको पाइएकोले विरोध गरिएको छ । 'नासु, खरदार र त्यस तलका कर्मचारीको १५ प्रतिशतमात्रै तलब वृद्धि भएको पाइयो, तर अधिकृतमाथिको तलब २६ प्रतिशतसम्म बढ्ने देखियो। यो असमाभएको छ । 'यसको विरूद्धमा आन्दोलन हो, असन्तुष्टि जनाएको हो ।' अर्कोतर्फ निजामती सेवा ऐन छिटो जारी गर्न र आफूहरूका माग सम्बोधन गर्न नासु बचाऊ अभियानले आन्दोलन गरिरहेको थिए ।

'प्रदेश र स्थानीय तहमा तहगत व्यवस्था लागू छ । संघमा पनि तहगत व्यवस्था लागू हुनुपर्छ र यो व्यवस्था संघीय निजामती ऐनमै व्यवस्था गरिनुपर्छ । उनीहरूले शाखा अधिकृत र सोसरह पदपूर्तिमा ३० प्रतिशत बढुवाको व्यवस्था राख्नुपर्ने माग छ । 'सहसचिव र उपसचिव प्रतिस्पर्धामा योग्यता तथा सेवा अवधि पूरा भएका राजपत्रअनङ्कित कर्मचारीलाई पनि प्रतिस्पर्धा गर्न पाउनुपर्छ । साथै सरूवा प्रणाली चक्रिय र पूर्वानुमानयोग्य हुनुपर्ने छ । 'यो व्यवस्था ऐनमा नै राखियो भने पावरका आधारमा कर्मचारीको सरूवा र बढुवा रोकिन्छ ।

# घरमै निःशुल्क स्वास्थ्य सेवा

**पोखरापत्र संवाददाता**
**गोरखा, २३ साउन**

गोरखाको भीमसेन थापा गाउँपालिकाभित्रका एक हजार भन्दा बढी ज्येष्ठ तथा अशक्त नागरिकले घरमै निःशुल्क स्वास्थ्य उपचार सेवा लिएका छन् ।

गाउँपालिकाले सुरु गरेको ज्येष्ठ तथा अशक्त नागरिक घरदैलो स्वास्थ सेवा कार्यक्रमबाट पालिकाभित्रका एक हजार एक सय दुई जना लक्षित वर्गले निःशुल्क स्वास्थ्य उपचार सेवा लिएको गाउँपालिका स्वास्थ्य शाखा प्रमुख भेषराज खनालले जानकारी दिनुभयो । स्वास्थ्य सेवा लिएकामध्ये छ सय ५६ महिला र चार सय ४६ पुरुष रहेको उहाँले बताउनुभयो । त्यसबाहेक स्वास्थ उपचार सेवा लिएकामा थाइराइड, मुदुरोग तथा मिर्गौला रोगका समस्या भएकाहरु समेत रहेको पाइएको उहाँले बताउनुभयो। गाउँपालिका भित्रका ८ वटै वडामा पुगेर पालिका तथा वडा भित्र रहेका स्वास्थ्यसंस्थाका स्वास्थ्यकर्मी परिचालन गरी ज्येष्ठ तथा अशक्त नागरिकलाई घरघरमा पुगेर निःशल्क सेवा सञ्चालन गरेको उहाँको भनाइ छ । कार्यक्रम अन्तर्गत असार महिनामा पहिलो पटक पालिकाभित्रका सबै वडामा पुगेर स्वास्थ्य परीक्षण गर्दा ज्येष्ठ तथा अशक्त नागरिकमध्ये २६८ जनामा उक्त रक्तचाप भएको पाइएको स्वास्थ्य शाखा प्रमुख खनालले बताउनुभयो ।

त्यस्तै ४१ जनामा मधुमेह, १४५ जनामा स्वाशप्रश्वाससम्बन्धी समस्या, १४ जनामा थाइराइड, १८ जनामा मुटुरोग र ११ जनामा मिर्गौलासम्बन्धी समस्या रहेको पाइएको उहाँले जानकारी दिनुभयो । त्यस बाहेक लक्षित अन्य ६०५ जनाको पनि स्वास्थ्यपरीक्षण गरिएको शाखा प्रमुख खनालले बताउनुभयो । 'अबदेखि हरेक महिना निरन्तर ज्येष्ठ तथा अशक्त नागरिक घरदैलोमा पुगेर नियमित स्वास्थ्यपरीक्षण गर्छौं, उहाँले भन्नुभयो, "नियमित रुपमा औषधि सेवन गर्नुपर्ने बिरामीलाई आवश्यकता आधारमा औषधिसमेत उपलब्ध गराउने स्वास्थ्य सल्लाहसमेत उपलब्धगराउनेव्यवस्थागरिएको छ । कार्यक्रमबाट पालिकाभित्र बसोबास गर्ने ज्येष्ठ तथा अशक्त नागरिकको पहिचानसँगै उहाँहरुको स्वास्थ्य अवस्था नियमित जानकारी लिन सजिलो भएको गाउँपालिका अध्यक्ष लोकप्रसाद बन्जरा (अक्कल) को भनाइ छ । कुन वडामा ज्येष्ठ नागरिकको अवस्था कस्तो, छ र उहाँहरुका लागि कहिले कहिले नियमित स्वास्थ्य उपचारको आवश्यकता भन्ने पहिचान भएपछि थप उपचार गर्नुपर्ने आवश्यकता भए त्यसका लागि सुझाव स्वास्थ्यकर्मीले दिने गरेको उहाँले बताउनुभयो ।

# सामुदायिक विद्युत अनियमितताको उजुरी प्रशासनमा

**श्रीकृष्ण सिग्देल**
**स्याङ्जा, २३ साउन**



सामुदायिक विद्युत उपभोक्ता समिति ओकोबराले विद्युत सेवा प्रवाह देखि आर्थिक अनियमितता गरेको भन्दै जिल्ला प्रशासन कार्यालय स्याङ्जामा छानविनका लागि उजुरी दर्ता गरिएको छ । स्थानीय उपभोक्ता डोलराज पोखेलको नेतृत्वमा गएको टोलीले जिल्ला प्रशासनमा उजुरी दर्ता गराएको हो ।

सहायक प्रमुख जिल्ला अधिकारी नमिता रेग्मी समक्ष छाविनको उजुरी पेश गरेको स्थानीय उपभोक्ता पोखेलले बताए । टोलीले दर्ता गराएको उजुरीमा लामो समयदेखी हिसाबकिताव सार्वजनिक नगरेको, सार्वजनिक पद धारण गरेका जनप्रतिनिधि अझै नेतृत्वमा, अवैधानिक अधिवेसन र साधरणसभा गरेको, कमसलखालका सामाग्री खरिद गरेको, बत्ति जाने समस्या समाधानमा चासो नदिएको लगायतका विषय उल्लेख गरिएको छ । ग्रामिण क्षेत्रमा विद्युत आपुर्ति पुराउने उदेश्य राखेर दर्ता गरिएको संस्थाले लामो समयदेखी हिसावकिताब सार्वजनिक नगरिनु, साधरणसभा तथा अधिवेसन नगरि नुले संस्थामा ठुलो आर्थिक चलखेल भएको हुनसक्ने आशंका स्थानीयले गरेका छन् । प्रतिनिधिमुलक तवरबाट पेश गरिएको उजुरीमा झण्डै २ दर्जन उपभोक्ताले हस्ताक्षर गरेको बुझिएको छ । सामुदायिक विद्युत उपभोक्ता समिति ओकोबरा, कोल्मा बराचौर स्याङ्जा नामबाट झण्डै १५ बर्ष अगाडी जिल्ला प्रशासन कार्यालय स्याङ्जामा यो संस्था दर्ता गरिएको थियो । विद्युत प्राधिकरण सगँ सम्झौता गरी पुतलीबजारको केही वडा, बिरुवा र हरिनास गाँउपालिकाका जनतालाई सामुदायिक मार्फत विद्युत सेवा प्रवाह गर्दै आएको छ । १२ बर्षदेखि संस्थाको साधरणसभा र अधिवेसन नगरिएको आरोप उजुरीमा लगाइएको छ । झण्डै ३ हजार ५० उपभोक्ता रहेको सो संस्थामा लामो समयदेखि संस्थाको प्रगति विवरण पाउनबाट बन्चित रहेका उपभोक्ता अहिले छानविन गरी कारवाहिको माग गर्दै उजुरी लिएर जिल्ला प्रशासन धाउन बाध्य रहेका छन् । जिल्ला प्रशासन कार्यालयबाट इजाजत लिएर संस्था सञ्चालन गरिएको भएपनि अहिले सम्म प्रशासनमा भुटो विवरण बुझाएर नविकरण गरिएको बताइएको छ । यस विषयमा तत्काल छानविन प्रक्रिया अगाडी बढाईने जिल्ला प्रशासन स्याङ्जाले जनाएको छ । यता संस्थाका कार्यालय प्रमुख डोलराज पौडेलले भने लामो समयदेखि अधिवेसन नभएको स्विकारेका छन् । साधरणसभा र अधिवेसन गर्ने भन्दाभन्दै कोरोना संक्रमण शुरु भएकाले अधिवेसन गर्न ढिलाई भएको पौडेलले बताए । संस्थामा आर्थिक अनियमितता नभएको दावी गर्दै पौडेलले संस्था संचालनमा कठिनाई नभएको बताए । भदौ महिनाभित्र संस्थाको अधिवेसन र साधरणसभा हुने निर्णय भएको उनले सुनाए । टोलीले विभिन्न माग राख्दै समितिलाई समेत ज्ञापनपत्र बुझाएको स्थानीय अजित क्षेत्रीले बताए । उपभोक्ताले राखेको मागलाई सम्बोधन नगरेमा कडा कदम चाल्न सकिने ज्ञापनपत्रमा उल्लेख छ । बिरुवा र हरिनास गाँउपालिका जिल्लाको अलि ग्रामिण क्षेत्र भएको पालिका हो । यहाँका बासिन्दाले विद्युत सेवामा बेला बेलामा समस्या भेल्दै आएको गुनासो आइहेको थियो । असुरक्षित विद्युत प्रयोग गर्न बाधयभएको यहाँका सेवाग्राहीका बारेमा विद्युत प्राधिकरण र सम्बन्धित निकायले चासो दिनु जरुरी देखिएको छ ।

# विदेशबाट फर्किएर पशुपालन

**पोखरापत्र संवाददाता**
**बेनी, २३ साउन**

म्याग्दीको अन्नपूर्ण गाउँपालिका–१ दोबाका ४६ वर्षीय कुलप्रसाद पुर्जाले १२ वर्ष मलेसियामा पसिना बगाउनुभयो । त्यसबाट परिवारको घरखर्च बाहेक थप आम्दानी गर्न नसकेपछि गाउँ फर्किएर पशुपालनमा उहाँ लाग्नुभयो ।

किसानसमेतराजनीतिमार्फत समाज रुपान्तरणको अभियानमा लाग्न सक्छन् भन्ने सन्देश पुर्जाले दिनुभएको छ । दोवावेशी बाखापालन फार्म स्थापना गर्नुभएका पुर्जा निवर्तमान वडा सदस्य हुनुहुन्छ । अहिले अधिकांश समय बाखापालनमै खर्चिन थाल्नुभएका पुर्जाले समय व्यवस्थापन गरेर पार्टी सङ्गठनको काममा पनि अघि बढाउने गरेको बताउनुभयो । दुई वटा पैँचो बाखा लिएर बाखापालन सुरु गर्नुभएका उहाँको फार्ममा अहिले ६० वटाको हाराहारीमा बाखा छन् । एक वर्षमा बाखाको सङ्ख्या सय पुऱ्याउने पुर्जाको योजना छ । वर्षमा एक लाखको खसीबोका बिक्री भएको बताउँदै पुर्जाले फार्मबाट उत्पादन भएका बोका र बाखाको लागि बजारको अभाव नभएको र माग पुऱ्याउन नसकेको बताउनुभयो। दोवालाई बाखापालनको पकेटक्षेत्र समेत घोषणा गरिएको छ । पुर्जाको हजुरबुवाले परम्परागत रुपमा भेडापालन गर्दै आउनुभएको थियो ।

फार्ममा एक जनालाई नियमित रोजगारीसमेत दिइएको छ। फार्ममा स्थानीय र उन्नत जातका बाखा पालन हुने गरेको छ । पुर्जाको फार्ममा तीन वटा भैँसी छन् । उहाँले बेँसी नजिकैको सुनारीमा वार्षिक रु २० हजार भाडा तिर्ने गरी जग्गा भाडामा लिएर बड्गुर र माछापालनसमेत गर्ने तयारी गर्नुभएको छ ।

## सूचना सूचना सूचना

**पोखरा महानगरपालिका नगरकार्यपालिकाको कार्यालय शिक्षा महाशाखा, ड्यामसाइड, पोखरा**

पोखरा महानगरपालिका वडा नं. १३ मा सञ्चालित श्री नेपा किड्स मन्टेश्वरी साझेदारी रुपमा सञ्चालन भई आएकोमा अबबाट मेहर सिंह गुरुङको एकल लगानी तथा शेयरबाट सञ्चालन गर्न यस महाशाखामा निवेदन पेश भएकोले एकल रुपमा सञ्चालन गर्न कोही कसैको दावी विरोध भए शिक्षा महाशाखामा यसै सूचना प्रकाशन भएको मितिले पैतिस दिनभित्र दाबी विरोधको प्रमाण सहित निवेदन पेश गर्न हुन सम्बन्धित सबैको जानकारीका लागि सूचना गरिन्छ ।

पुनश्चः म्याद नाघि आएको निवेदन सम्बन्धमा कुनै कारवाही हुनेछैन ।

# भदौ १ गतेदेखि व्यासमा निःशुल्क सेवा

**पोखरापत्र संवाददाता**
**तनहुँ, २३ साउन**

व्यास नगरपालिकाले आगामी भदौ १ गतेदेखि सेवाग्राहीका लागि आवश्यक पर्ने निवेदनको फोटोकपीमा लाग्ने खर्च निःशुल्क गर्ने भएको छ ।

व्यास नगर प्रमुख बैकुण्ठ न्यौपानेको अध्यक्षतामा आज बसेको कार्यपालिकाको नियमित बैठकले उक्त निर्णय गरेको हो ।

व्यास नगरपालिका मातहतका चौध वटै वडामा उक्त सेवा निःशुल्क गर्न लागिएको नगरपालिकाका प्रवक्ता एवं व्यास– ६ का वडाध्यक्ष जीवन गुरुङले जानकारी दिनुभयो । नगरपालिकाको मूल कार्यालयमा शुल्क नलाग्ने टेलिफोन कल सेन्टरसमेत प्रयोगमा ल्याई निःशुल्क सेवा दिने निर्णय गरिएको उहाँले बताउनुभयो । आव २०७९/८० का बजेट कार्यक्रमलाई कार्यान्वयन गर्नका लागि वार्षिक कार्ययोजना निर्माण गर्न प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मा दिने निर्णय गरिएको छ । नगरपालिकाभित्रका सामुदायिक माध्यमिक विद्यालयका अध्यक्ष, प्रधानाध्यापक, संस्थागत माध्यमिक विद्यालयका प्रधानाध्यापकको संयुक्त बैठक राखी एसइईको नतिजाको विश्लेषण गर्ने निर्णय पनि गरिएको छ ।

साउन २४ गते मङ्गलबारका दिन विश्व आदिवासी जनजाति दिवसका अवसरमा सार्वजनिक बिदा दिइने भएको छ। विश्व आदिवासी जनजाति दिवस साउन २४ गतेका दिन नगरपालिकाअन्तर्गतका अत्यावश्यक सेवा बाहेक अन्य सेवा बन्द गर्ने निर्णय गरिएको हो ।

सितलचोक युवा क्लबद्वारा आयोजित मेयर कप फुटवल प्रतियोगिता र अन्तर्राष्ट्रिय आदिवासी जनजाति दिवसका लागि सहयोग गरिने भएको छ । नगरपालिकाअन्तर्गतका मादी–सेती नदीबाट उत्खनन हुने ढुङ्गा गिट्टी बालुवा उत्खननसम्बन्धी प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरिएको छ । महालेखा परीक्षकको कार्यालयबाट प्राप्त आव २०७७/७८ को लेखापरीक्षण प्रतिवेदन कार्यपालिका बैठकमा प्रस्तुत गरी बेरुजु फर्छ्यौट अभियानलाई तदारुकता दिन सम्बन्धित अधिकारीलाई निर्देशन दिइएको छ ।

# कृषकलाई दुई करोड अनुदान

**पोखरापत्र संवाददाता**
**म्याग्दी, २३ साउन**

भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र म्याग्दीले आर्थिक वर्ष २०७८/७९ मा करिब रु. दुई करोड अनुदान वितरण गरेको छ ।

केन्द्रद्वारा सञ्चालित विभिन्न कार्यक्रम मार्फत चार सय ३२ कृषक, फार्म, समूह र सहकारीले रु. एक करोड ७९ लाख अनुदान पाएका हुन् । केन्द्रका प्रमुख जीवनप्रसाद आचार्यले दूध, मासु, अण्डा उत्पादन वृद्धी, नश्ल सुधार, पशु बीमा, आहारा, पूर्वाधार निर्माणमा ५० देखि ८५ प्रतिशतसम्म अनुदान दिइएको बताउनुभयो । "प्रदेश र सङ्घीय सरकारबाट रु. चार करोड पाँच लाख ८० हजार बजेट विनियोजन भएको थियो", उहाँले भन्नुभयो " रु. तीन करोड ५९ लाख ३६ हजार ३९२ खर्च भएको छ ।"

बेनी नगरपालिकाका ६ वटा वडालाई समेटेर सञ्चालन भएको बाखाको व्यावसायिक उत्पादन केन्द्र (ब्लक) कार्यक्रमबाट ४३ कृषकलाई बाखाको खोर निर्माण, मासु पसल सुधार, घाँस काट्ने यन्त्र उपकरण, नश्ल सुधारका लागि बोका र औषधि खरिदका लागि रु. ३४ लाख एक हजार अनुदान उपलब्ध गराइएको छ । रु. ५२ लाख ५० हजार बजेट विनियोजन भएको साना पशुपंक्षी तथा मत्स्य व्यावसायिक फार्म स्थापना तथा विस्तार कार्यक्रमका लागि छनौट भएका ४० मध्ये ३८ फार्मले रु. ४९ लाख ८७ हजार ५०० अनुदान पाएका छन् ।

रु. आठ लाख बजेट विनियोजन भएको डेरी, मासु तथा माछा पसल सुधार कार्यक्रमबाट पाँच फार्मले रु. चार लाख २४ हजार तीन सय ५९ अनुदान पाएका छन् । बेनीको दोभान कृषि सहकारी संस्थामा आवद्ध २१ कृषकले गोठ सुधार, दाना र घाँस भण्डारण भवन, उपकरण, क्यान खरिदका लागि रु. १० लाख अनुदान पाएका भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रका सूचना अधिकारी गणेश रिजालले बताउनुभयो । कृत्रिम गर्भाधानबाट जन्मेका २४ वटा पाठा बाच्चा हुर्काए वापत आठ कृषकले रु. दुई लाख ४० हजार अनुदान पाएका छन् । रु. १८ लाख बजेट विनियोजन भएको उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम मार्फत दोभान, बास्कुना र सिमलचौर कृषि सहकारीमा आवद्ध एक सय कृषकले प्रतिलिटर रु. दुई रुपैया ५० पैसाका दरले रु. १५ लाख ९० हजार अनुदान पाएका छन् । त्यस्तै, ३१ कृषकलाई फार्म यान्त्रिकरण कार्यक्रम मार्फत च्यापकटर, पानी तताउने सोलार लगायत उपकरण खरिदमा रु. १० लाख अनुदान उपलब्ध गराइएको छ । रु. २१ लख बजेट विनियोजन भएको पशुपंक्षी बीमा कार्यक्रम मार्फत २८ हजार दुई सय ३४ पशुपंक्षीको बीमा गरेवापत एकसय १० कृषकले रु. १७ लाख ७९ हजार अनुदान पाएका छन् ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : सम्मान मिल्नेछ |
| वृष | : झमेला बढ्ने | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : कार्यमा सफलता | धनु | : आर्थिक समस्या |
| कर्कट | : मन चञ्चल | मकर | : मानसिक तनाब |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# मेगाका सेयर सदस्यलाई युआरएलमा छुट

पोखरापत्र संवाददाता
पोखरा, २३ साउन

मेगा बचत तथा ऋण सहकारी पोखरा ९ का सेयर सदस्यले युनाइटेड रेफरेन्स ल्याबोरेटरी प्रालि(युआरएल)मा सेवा लिँदा छुट पाउने भएका छन् ।

मेगाका अध्यक्ष ध्रुवराज चालिसे र युआरएलका अध्यक्ष ठाकुरप्रसाद पन्तले हस्ताक्षर गरेको सम्झौतामा मेगाका सेयर सदस्यलाई सबै सेवामा ३० प्रतिशत छुट दिने उल्लेख छ ।




साउनबाट लागू भएको यो सम्झौता ३ वर्षसम्म चल्नेछ । मेगाका सेयर सदस्यले चिकित्सकले सिफारिस गरेका जाँच वा सेल्फ टेस्ट दुवैमा छुट पाउने छन् । सामाजिक उत्तरदायित्व बहन गर्ने सर्वसाधारणलाई सुलभ शुल्कमा गुणस्तरीय सेवा दिन सम्झौत गरिएको युआरएल अध्यक्ष पन्तले बताए । पोखराको न्युरोडमा प्रधान कार्यालय रहेको युआरलले पोखरामा शिशुवा, चाउथे, बाटुलेचौर र हस्पिटलचोकबाट सेवा दिइरहेको छायुआरएलेपोखराबाहिरलमजुङको बेसीसहर, स्याङ्जाका पुतलीबजार र वालिङ, तनहुँका दमौली र दुलेगौंडाबाट सेवा प्रदान गरिरहेको छ । विभिन्न संघ, संस्थासँग सहकार्य र युआरएलले आफैं गरी अहिलेसम्म १ सय १५ निशुल्क स्वास्थ्य शिविर भएका छन् ।

ती शिविरमा अहिलेसम्म करिब १ लाख सेवाग्राहीको सित्तैमा रगत जाँच गरेको युआरएलले जनाएको छ ।

# ३७ प्रतिशत सम्बन्धविच्छेदका मुद्दा

पोखरापत्र संवाददाता
दमौली, २३ साउन

तनहुँ जिल्ला अदालतमा सम्बन्धविच्छेदका मुद्दा बढी दर्ता हुने गरेको छ । आर्थिक वर्ष ०७८/७८ मा अदालतमा सम्बन्धविच्छेदका नौ सय ३७ मुद्दा दर्ता भएको हो ।

उक्त आर्थिक वर्षमा कूल दर्ता भएकामध्ये ३७ प्रतिशत मुद्दा सम्बन्धविच्छेदको मात्रै रहेको अदाललते जनाएको छ । अदालतले सो वर्ष छ सय ८६ सम्बन्धविच्छेदका मुद्दा फछ्र्योट गरेको अदालतका श्रेस्तेदार मिनबहादुर कुँवरले जानकारी दिनुभयो । सम्बन्धविच्छेदका दुई सय ५१ मुद्दा फछ्र्योट हुन बाँकी भई चालु आर्थिक वर्ष ०७९/८० मा जिम्मेवारी सरिआएको छ ।

कम उमेरमा विवाह गर्ने र उमेर पुगेपछि श्रीमान् श्रीमतीको सम्बन्ध राम्रो नभएपछिअदालतमा सम्बन्धविच्छदेका मुद्दा बढी आउने गरेको बताइएको छ । बालविवाह, विपन्नता, मोबाइलको दुरुपयोग, वैदेशिक रोजगारी, अशिक्षा .जस्ता कारणले सम्बन्धविच्छेदको मुद्दा बढेको बताइएको छ । यसैगरी लेनदेनतर्फ एक सय १९ मुद्दा रहेकामा ७३ मुद्दा फछ्र्योट भएको छ । अंशतर्फ चार सय आठ मुद्दा रहेकामा एक सय ५९ थान मुद्दा फछ्र्योट भएको छ ।

लिखत बदरतर्फ एक सय २० मुद्दा रहेकामा ३५ मुद्दा फछ्र्योट भएको छ । जबर्जस्ती करणीतर्फ ८० मुद्दा रहेकामा २५ मुद्दा फछ्र्योट भएको छ । कर्तव्य ज्यानतर्फ २२ मुद्दा रहेकामा आठ, सवारी ज्यानतर्फ ८१ मुद्दा रहेकामा ५१, ज्यान मार्ने उद्योगतर्फ २१ मुद्दा रहेकामा १०, चोरीतर्फ ३३ मुद्दा रहेकामा १४ मुद्दा फछ्र्योट भएको छ । डाँकाचोरीतर्फ दुई मुद्दा रहेकामा दुई, लागुऔषधतर्फ ६८ मुद्दा रहेकामा ३३, आत्महत्या दुरुत्साहनतर्फ आठ मुद्दा रहेकामा दुई, मानव बेचबिखनतर्फ एक मुद्दा रहेकामा एक, कुटपिटतर्फ एक मुद्दा रहेकामा एक, जालसाजीतर्फ एक सय २८ मुद्दा रहेकामा ४८, बहुविवाहतर्फ १५ मुद्दा रहेकामा छ, बालविवाहतर्फ चार मुद्दा रहेकामा तीन, बालयौन दुरुपयोगतर्फ सात मुद्दा रहेकामा पाँच, चेक अनादरतर्फ एक सय मुद्दा रहेकामा २४ र अन्यतर्फ तीन सय ४० मुद्दा रहेकामा एक सय ७८ थान मुद्दा फछ्र्योट भएको छ ।

अदालतले चार सय ७६ मुद्दा मेलमिलापका लागि पठाएकामा ३६ मुद्दा मात्रै मेलमिलापबाट समाधान भएको छ । अदालतमा सूचीकृत मेलमिलापकर्ता १४ जना छन् । अदालतले सो अवधिमा ५४.५६ प्रतिशत मुद्दा फछ्र्योट गरेको छ । अदालतले उक्त अवधिमा लक्ष्यभन्दा कम मुद्दा फछ्र्योट गरेको हो । अघिल्लो वर्षको जिम्मेवारी सरिआएका नौ सय ५९ र नयाँ दर्ता एक हजार पाँच सय ४१ गरी कूल दुई हजार पाँच सय मुद्दामध्ये एक हजार तीन सय ६४ मुद्दा फछ्र्योट भएको अदालतका श्रेस्तेदार कुँवरले जानकारी दिनुभयो । त्यस अवधिमा न्यायाधीश हरिशचन्द्र ढुङ्गानाले छ सय २४ थान र न्यायाधीश वासुदेव पौडेलले सात सय ४० थान मुद्दा फछ्र्योट गर्नुभएको छ ।

"गत वर्ष कोरोना कहरका कारण भएको निषेधाका कारण मुद्दा फछ्र्योटमा कमी देखिएको थियो, यस वर्ष पनि करिब डेढ महिनामा एक जना न्यायाधीश स्थानीय तह निर्वाचनमा खटिनुपर्दा मुद्दा फछ्र्यौटमा कमी आएको छ", श्रेस्तेदार कुँवरले भन्नुभयो । अदालतले उक्त वर्षमा एक हजार दुई सय ३४ नयाँ मुद्दा दर्ता हुँदा वार्षिक लगत दुई हजार एक सय ९३ हुने र एक हजार पाँच सय ७६ मुद्दा फछ्र्योट गर्ने लक्ष्य राखेको थियोतर लक्ष्यभन्दा बढी मुद्दा दर्ता भएका कारण फछ्र्योट सङ्ख्या कम भएको श्रेस्तेदार कुँवरले बताउनुभयो । अदालतमा अब एक हजार एक सय ३६ मुद्दा फछ्र्योट हुन बाँकी छ । फछ्र्योट हुन बाँकी मुद्दा चालु आर्थिक वर्ष ०७९/८० मा जिम्मेवारी सरेर आउँछ ।

# पहिरोबाट सात जलविद्युत् आयोजना प्रभावित

पोखरापत्र संवाददाता
म्याग्दी, २३ साउन


पहिरोका कारण म्याग्दीका सात जलविद्युत् आयोजना निर्माण प्रभावित भएका छन् ।

रघुगङ्गा गाउँपालिकामा ४, धैलागिरिका दुई र मालिकाको एक जलविद्युत् आयोजना निर्माण प्रभावित बनेको हो । अरबौ लगानीमा निर्माणाधीन आयोजनाको काम नियमित नहुँदा निर्माण अवधि लम्बिने र लागत बढ्ने देखिएको छ । जिल्लामा तीन सय ५३ मेगावाट क्षमताका ११ जलविद्युत् आयोजना निर्माणाधिन छन् । जलविद्युत् आयोजनाका पहुँचमार्गमा पहिरो जाँदा इन्धन, निर्माण सामग्री र सुरुङ खन्न आवश्यक पर्ने विस्फोटक पदार्थ ढुवानीमा समस्या भएको हो ।

नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनी रघुगङ्गा हाइड्रोपावरद्वारा निर्माणाधीन ४० मेगावाट क्षमताको राहुघाट जलविद्युत् आयोजनाका व्यवस्थापक राज विष्टले बाँध र दुई वटा अडिटबाट सुरुङ निर्माण रोकिएको बताउनुभयो ।

"दग्नामबाट खसेको पहिरोका कारण झिँको सिमानामा रहेको बाँध, अडिट १ र २ को सुरुङ निर्माण रोकिएको छ", उहाँले भन्नुभयो, "पावर हाउस र अन्य अडितको काम भने निरन्तर भइरहेको छ । बाँधतर्फ जाने पहुँचमार्गमा पैदल हिँडेर पनि जान नसकिने पहिरो खसेको छ ।" राहुघाट नदीमा आएको बाढीले ठेकेदार कम्पनी जयप्रकाश एसोसियट्सले भाडामा लिएको डोजर बगाएको थिय ो । तुँदी पावर कम्पनी प्रवर्द्धक रहेको ३७ मेगावाट क्षमताको राहुघाट मङ्गले, ४८.५ मेगावाटको अपर राहुघाट र संयुक्त ऊर्जा प्रालिले निर्माण गरिरहेको २१.३० मेगावाट क्षमताको ठुलोखोला जलविद्युत् आयोजना निर्माणस्थल जोड्ने पहुँचमार्ग अवरुद्ध भएका छन् ।

तुँदी पावरका इञ्जिनियर प्रकाश तिमिल्सिनाले दग्नामको औरी, चिमखोला र मलाङको पहिरोका कारण डिजेल, सिमेन्ट, रड र विस्फोटक पदार्थ ढुवानी हुन नसकेको बताउनुभयो । भएका सामान सकिएपछि भरिया र खच्चरमा बोकाउँदा महँगो पर्न गएको इन्जिनियर तिमिल्सिनाले बताउनुभयो । धौलागिरि कालिका हाइड्रो लिमिटेडले मालिका गाउँपालिकामा निर्माण गरिरहेको २५ मेगावाट क्षमताको दरवाङ म्याग्दीखोला जलविद्युत् आयोजनाका आवासीय इञ्जिनियर बालकुमार रोकाले पहिले दैनिक तीन पटक विस्फोटक हुने गरेकोमा बर्खा लागेपछि एक पटक मात्र गर्न सकिएको बताउनुभयो । धौलागिरि र मालिका गाउँपालिकामा अपर म्याग्दी हाइड्रोपावर लिमिटेडले निर्माण थालेको ५३.५० मेगावाट क्षमताको अपर म्याग्दी पहिलो र हाइड्रो इम्पायर प्रालिले धौलागिरि गाउँपालिका-४ मा निर्माण गरिरहेको ३७ मेगावाट क्षमताको अपर म्याग्दी जलविद्युत् आयोजनास्थल पनि सडक सम्पर्कविच्छेद भएको छ । नेपाल विद्युत् प्राधिकरणले निर्माण थालेको १३२ केभी क्षमताको डाडाखेत सवस्टेशन निर्माणस्थल जोड्ने सडक पनि अवरुद्ध भएको छ । निरन्तरको बर्सातका कारण दिनमा मर्मत गरिने सडक रातमा भत्किने गर्छन् । निर्माण सामग्री र इन्धनको व्यवस्थापन गर्न नसक्दा आयोजनाका निर्माण कम्पनीले मजदुर घटाएका छन् । अन्नपूर्ण गाउँपालिकामा सञ्चालित ७१ मेगावाट क्षमताको नीलगिरि क्यासकेड, ३८ मेगावाट क्षमताको नीलगिरि पहिलो, १४ मेगावाट क्षमताको घारखोला र छ मेगावाट क्षमताको रेलेखोला जलविद्युत् आयोजना निर्माण कार्यलाई भने निरन्तरता दिइएको प्रवर्द्धकले जनाएका छन् ।




# कुहिने फोहरलाई कम्पोष्ट मल बनाउने तयारी

पोखरापत्र संवाददाता
पोखरा, २३ साउन

तनहुँको व्यास नगरपालिकाले कुहिने फोहरलाई कम्पोष्ट मल बनाउने तयारी गरेको छ । वर्षौंदेखि फोहर फाल्दै आएको व्यास नगरपालिका-३ स्थित भतेरी मादी नदीले कटान गरिदिएपछि नगरपालिकाले कुहिने फोहरलाई कम्पोष्ट मल बनाउने तयारी गरेको हो ।

व्यास नगरपालिका-१० स्थित गौसंरक्षण केन्द्रमा प्राङ्गारिक मल उद्योग सञ्चालन गर्न लागिएको नगरप्रमुख बैकुण्ठ न्यौपानेले जानकारी दिनुभयो । सोही उद्योगमा दमौली बजारबाट सङ्कलन हुने कुहिने फोहरलाई पनि मल बनाइने न्यौपानेले बताउनुभयो । "भतेरी मादीले कटान गरिएपछि फोहरमैला फाल्ने ठाउँ खोज्न नगरपालिकालाई सकस भयो, बल्ल बल्ल ठाउँ पायौँ," न्यौपानेले भन्नुभयो, "कुहिने र नकुहिने फोहर वर्गीकरण गरेर कुहिने फोहरलाई मल बनाइनेछ ।" नगरपालिकाले केही वर्षदेखि नै कुहिने र नकुहिने फोहर वर्गीकरण गरेर बजारबाट फोहरमैला सङ्कलन गर्दै आएको छ । नगरपालिकालाई फोहरमैला व्यवस्थापनका लागि व्यास नगरपालिका-१ का स्थानीयवासी रामदेव पन्थले पाँच वर्षका लागि निःशुल्क जग्गा सहयोग गर्नुभएको छ ।

# नौसय ३४ सङ्क्रमित थपिँदा चारसय ७० घर फर्किए

रासस
काठमाडौं, २३ साउन

कोरोना भाइरसको सङ्क्रमण सोमबार नौसय ३४ जनामा देखिएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जारी गरेको नियमित बुलेटिनमा पाँच हजार तीनसय ५१ परीक्षणमध्ये नौसय ३४ जनामा कोरोना भाइरसको सङ्क्रमण पुष्टि भएको हो । सक्रिय सङ्क्रमितको सङ्ख्या पाँच हजार छसय ८६ पुगेको छ । यस्तै सोमबार कोरोना भाइरसबाट स्वास्थ्य लाभ लिई चारसय ७० जना घर फर्किएका छन् ।

अहिलेसम्म नौ लाख ७२ हजार नौ सय ६७ जनामा मानिस स्वास्थ्य लाभ लिई घर फर्किसकेका छन् ।

# तनहुँमा छ मतदानस्थल थप

पोखरापत्र संवाददाता
दमौली, २३ साउन

मतदानस्थल तथा मतदान केन्द्र सिफारिस समिति तनहुँले जिल्लामा छ मतदानस्थल थप गर्नका लागि निर्वाचन आयोगसमक्ष सिफारिस गरेको छ । आसन्न प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि जिल्लाका चार स्थानीय तहमा ती मतदानस्थल थप गर्न आयोगसमक्ष सिफारिस गरिएको हो ।

स्थानीय तहको सिफारिसका आधारमा समितिले मतदान स्थल थप गर्नका लागि आयोग समक्ष सिफारिस गरेको निर्वाचन कार्यालय तनहुँका प्रमुख हरिप्रसाद ढकालले जानकारी दिनुभयो । "स्थानीय तहले राजनीतिक दलको सहमतिका आधारमा मतदानस्थल थप गर्नका लागि सिफारिस समितिमा अनुरोध गरी पठाएबमोजिम मतदानस्थल थप्नका लागि आयोगसमक्ष सिफारिस गरी पठाएका हौँ", उहाँले भन्नुभयो, "थपिएका मतदानस्थलमा रहने मतदाता पनि स्थानीय तहको सिफारिसबमोजिम स्थानान्तरण गरिनेछ ।" उहाँका अनुसार बन्दीपुर गाउँपालिकामा एक, व्यास नगरपालिकामा दुई, शुक्लागण्डकी नगरपालिकामा दुई र आँबुखैरेनी गाउँपालिकामा एक मतदानस्थल थप गर्नका लागि सिफारिस भएको छ । "आयोगबाट निर्णय भएर आएपछि मतदानस्थल थप हुनेछ", प्रमुख ढकालले भन्नुभयो । बन्दीपुर गाउँपालिका-६ स्थित साराङघाट कृषि सेवा केन्द्रमा मतदानस्थल थप्न सिफारिस गरिएको छ । उक्त मतदानस्थलमा स्थानीय तहको सिफारिसअनुसारका पाँच सय दश मतदाता कायम गरिएको छ ।

व्यास नगरपालिका-५ चिन्तुटार स्थित शुक्र आधारभूत विद्यालयमा मतदानस्थल गर्न सिफारिस गरिएको छ । उक्त मतदानस्थलमा जनजुक्त शाही मावि नेपालटारबाट स्थानीय तहको सिफारिसअनुसार पाँच सय आठ मतदाता कायम गरिएको छ ।

व्यास नगरपालिका-१० दुम्सीबजारस्थित शिव माध्यमिक विद्यालयमा मतदानस्थल थप्न सिफारिस गरिएको छ । उक्त मतदानस्थलमा स्थानीय तहको सिफारिसअनुसारका चण्डीदेवी राष्ट्रिय मावि कुमालटारीबाट चार सय ६३ र भानु मावि दुम्सीचौरबाट तीन सय ३२ गरी सात सय ९५ मतदाता कायम गरिएको छ । शुक्लागण्डकी नगरपालिका-२ स्थित शिला आधार भूत विद्यालय हलेदीमा मतदानस्थल थप गर्न सिफारिस गरिएको छ । उक्त स्थलमा साविक हंशबाहिनी मावि एक्लेखेतमा मतदान गर्नेमध्ये सात सय तीन जना मतदाता कायम गरिएको छ । शुक्लागण्डकी नगरपालिका-३ कवासेस्थित शहीद कृष्ण माविमा मतदानस्थल थप गर्न सिफारिस गरिएको छ । उक्त स्थलमा साविक निर्मल आधारभूत विद्यालय बनकेवामा मतदान गर्ने मतदातामध्ये स्थानीय तहको सिफारिसअनुसार एक हजार ५५ मतदात कायम गरिएको छ । आँबुखैरेनी गाउँपालिका-४ भाँगेस्थित छिम्केश्वरी माध्यमिक विद्यालयमा मतदानस्थल थप गर्नका लागि सिफारिस गरिएको छ । यसैगरी जिल्लाका विभिन्न ठाउँमा रहेका सात मतदानस्थलको नाम परिवर्तन र सात मतदानस्थलको स्थान परिवर्तनका लागि सिफारिस भएको छ । देवघाट गाउँपालिका-१ स्थित गाविस भवन मतदान स्थललाई पार्वती मावि कोटामा स्थान परिवर्तन गरिएको छ । देवघाट-२ स्थित सिद्ध आधारभूत विद्यालय कोटवैदी मतदानस्थललाई सर्वोदय आधार भूत विद्यालय ब्यागनमा स्थान परिवर्तन गरिएको छ । देवघाट-२ स्थित कमला आधारभूत विद्यालय सानुभञ्ज्याङलाई कालीगङ्गा मावि बैदीमा स्थान परिवर्तन गरिएको छ भने देवघाट-३ गाविस भवन लुङ्ग्रीन मतदानस्थलको नाम परिवर्तन गरी ३ नम्बर वडा कार्यालय भवन राख्न सिफारिस भएको छ । बन्दीपुर गाउँपालिका-६ गाविस भवन धरमपानीलाई अरुण मावि हटियाबजारमा स्थान परिवर्तनका लागि सिफारिस गरिएको छ । उक्त मतदानस्थलमा साराङघाट मतदानस्थलमा मतदान गर्ने पाँच सय १० मतदाताबाहेक साविकस्थलका सबै मतदाता कायम गर्न सिफारिस गरिएको निर्वाचन कार्यालयले जनाएको छ ।

व्यास-८ स्थित गाविस भवन फेदी मतदानस्थलको नाम परिवर्तन गरी ८ नम्बर वडा कार्यालय रिस्तीफेदी मतदानस्थल राख्न सिफारिस गरिएको छ । व्यास-९ स्थित नारायणचौर आधारभूत विद्यालय चण्डीथानको नाम परिवर्तन गरी नारायणचौर सामुदायिक भवन चण्डीथान राख्न सिफारिस गरिएको छ । शुक्लागण्डकी-१२ त्रिभुवन आधारभूत विद्यालय जसपुरलाई अमरज्योति आधारभूत विद्यालय रातमाटामा स्थान परिवर्तनका लागि सिफारिस गरिएको छ । भिमाद नगरपालिका-४ गाविस भवन तुरतुरेलाई अमरज्योति आधार भूत विद्यालय रातमाटामा स्थान परिवर्तनका लागि सिफारिस गरिएको छ । भिमाद-७ पोखरीछाप आधारभूत विद्यालय पोखरीछापलाई ७ नम्बर वडा कार्यालय पोखरीछाप नाम परिवर्तन गर्न सिफारिस गरिएको छ । भिमाद-९ स्थित हिमालय आधारभूत विद्यालय च्यानडाँडालाई भिमाद सामुदायिक भवन च्यानडाँडामा स्थान परिवर्तनका लागि सिफारिस गरिएको छ । आँबुखैरेनी-६ गाविस भवन हिलेखर्कलाई कन्यादेवी मावि हिलेखर्कमा स्थान परिवर्तनका लागि सिफारिस गरिएको छ । ऋषिङ-७ गाविस भवन अर्खलछापलाई ७ नम्बर वडा कार्यालय भवन अर्खलछाप र ऋषिङ-८ गाविस भवन पल्ट्याङलाई ८ नम्बर वडा कार्यालय पल्ट्ङ्याङ नाम परिवर्तन गर्न सिफारिस गरिएको छ ।

जिल्लामा विसं २०७७ माघ १५ र १६ गतेको बैठकको निर्णयअनुसार एक सय ३६ मतदानस्थल र दुई सय ९७ मतदान केन्द्र कायम भएको थियो । सोही निर्णयका आधारमा जिल्लामा मतदानस्थल कायम गरी गत वैशाखमा स्थानीय तह निर्वाचन सम्पन्न भएको छ । आसन्न प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनलाई लक्षित गरी जिल्लामा कायम रहेका मतदान केन्द्र र मतदानस्थल थपघट र स्थानान्तरणका लागि स्थानीय तहको सिफारिस बमोजिम आयोगमा पठाइएको समितिका संयोजक एवं प्रमुख जिल्ला अधिकारी विश्वप्रकाश अर्यालले बताउनुभयो । जिल्ला मतदानस्थल तथा मतदान केन्द्र सिफारिस समितिले मतदानस्थल निर्धारणका लागि सिफारिस गर्दा साविकमा कायम रहेका मतदानस्थललाई आधार मानी सामान्य त्रुटि मात्र सच्याउनुपर्ने वा नयाँ मतदानस्थल थप्नुपर्ने वा साविकमा रहेका मतदानस्थल हटाउनुपर्ने वा गाभ्नुपर्ने वा एक मतदानस्थलमा रहेका मतदातालाई अर्को मतदानस्थलमा सार्नुपर्नेलगायतका विषयमा सर्वसम्मत निर्णय गर्नुपर्ने प्रावधान रहेको थियो । प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा रहने समितिमा जिल्लामा क्रियाशील राजनीतिक दलका प्रमुख वा प्रतिनिधि सदस्य, जिल्ला समन्वय अधिकारी सदस्य, जिल्लास्थित सुरक्षा निकायका प्रमुख सदस्य र जिल्ला निर्वाचन अधिकारी सदस्य सचिव रहने व्यवस्था छ ।